आज मिति २०७७/११/१४ गते यस सरुमारानी गाउँपालिकाका अध्यक्ष श्री झगबहादुर विश्वकर्माज्यूको अध्यक्षतामा तपशिल बमोजिमका कार्यपालिका सदस्यज्यूहरूको उपस्थितिमा गाउँकार्यपालिकाको ७९ औं बैठक बसि निम्न बमोजिमका निर्णयहरुका साथ सम्पन्न गरियो ।

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री झग बहादुर विश्वकर्मा | अध्यक्ष | |
| २ | श्री मिना कुमारी सोमै | उपाध्यक्ष | |
| ३ | श्री बसन्त बहादुर जि.सी. | सदस्य | |
| ४ | श्री चिन्त बहादुर सोमै मगर | सदस्य | |
| ५ | श्री भिम बहादुर मर्साङी मगर | सदस्य | |
| ६ | श्री तुल बहादुर रोका मगर | सदस्य | |
| ७ | श्री मुकुन्द राज शर्मा | सदस्य | |
| ८ | श्री सन्त बहादुर बराल मगर | सदस्य | |
| ९ | श्री मो. हलिम हलुवाइ | सदस्य | |
| १० | श्री टंक प्रसाद सुनार | सदस्य | |
| ११ | श्री शुशिला के.एम. | सदस्य | |
| १२ | श्री चन्द्रिमा थापा | सदस्य | |
| १३ | श्री जिवा सुनार | सदस्य | |
| १४ | श्री खिमा सुवेदी | सदस्य | |
| १५ | श्री चिन्तामणि रेग्मी | सदस्य-सचिव | |
| अन्य उपस्थिति | | | |
| १ | श्री लक्ष्मण आचार्य | प्रशा., शाखा प्रमुख | |
| २ | श्री टोप बहादुर शाही | आर्थिक प्र. शा. प्र. | |
| ३ | श्री जोगेन्द्र प्र. पौडेल | कार्यक्रम अधिकृत | |

## सरुमारानी गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक (बैठक संख्या-७९)

### मितिः- २०७७/११/१४

बैठकका प्रस्तावहरुः

१. भुमि सम्बन्धि समस्या समाधान आयोगसंग गरिएको संझौता अनुमोदन सम्बन्धमा ।

२. ढुंगेगढि स्वास्थ्य चौकी भवन निर्माणको बहुवर्षिय योजना अनुमोदन गर्ने सम्वन्धमा ।

३. कृषि शाखाको कर्मचारी लोक सेवा आयोगमा माग गरि पठाउने सम्वन्धमा ।

४. १० शैयाको आधारभुत अस्पताल सम्बन्धमा ।

५. रेडियो कार्यक्रम संचालन सम्बन्धमा ।

६. ईन्जिनियर रवि रानाको त.भ. सम्वन्धमा ।

७. सरस्वति मा.वि बांगेशालको भौतिक पुर्वाधार अनुदान बाडफाड स्वीकृति सम्वन्धमा ।

८. विभिन्न योजनाहरुलाई पेश्की रकम उपलब्ध गराउने सम्बन्धमा ।

९. प्रधानमन्त्री रोजगार कार्यक्रम सम्बन्धमा

१०. जनता मा.वि. बड्डाडाको नाममा खाता संचालन अनुमति प्रदान सम्बन्धमा ।

११. गाउँपालिका स्तरिय राष्ट्रपति रनिङ्ग सिल्ड प्रतियोगिता ब्यबस्थापन तथा निर्देशन समिति सम्बन्धमा

१२. गाउँसभा संचालन सम्बन्धमा ।

१३. गाउँपालिकाको स्थानीय वास प्लान प्रमाणिकरण सम्बन्धमा ।

१४. किसानसंग गाउँसरकार कार्यक्रमको रकम बाडफाड सम्वन्धमा ।

१५. एक स्थानीय तह एक उत्पादन कार्यक्रम सम्बन्धमा ।

१६. मध्यपहाडी राजमार्गमा दुध उत्पादन कार्यक्रम सम्बन्धमा ।

१७. वहुक्षेत्रीय पोषण कार्यक्रमको निर्देशक समिति गठन सम्बन्धमा ।

१८. विधालयहरुको पाठ्यपुस्तकहरुको अपुग रकम ब्यबस्थापन सम्बन्धमा ।

१९. ढुंगा उत्खननको IEE स्वीकृत गर्ने सम्बन्धमा ।

२०. ढुंगा गिट्टि वालुवाको निकासी सम्बन्धमा ।

२१. आर्थिक सहयोग सम्बन्धमा ।

२२. धुलेखार सामुदायिक वनको रकम समबन्धमा ।

२३. विविध सम्बन्धमा ।

चिर...जि रेग्मी
...कीय अधिकृत

मन बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष

Scanned with CamScanner

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

भगत बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष

## सरुमारानी गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक मितिः- २०७७/११/१४ का निर्णयहरु

**निर्णय न. १ भुमि सम्बन्धि समस्या समाधान आयोगसंग गरिएको संझौता अनुमोदन सम्वन्धमा ।**

भुमि सम्बन्धि समस्या समाधान आयोग र यस गाउँपालिका विच मिति २०७७/१०/१२ मा भएको संझौतालाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय न.२ ढुंगेगढि स्वास्थ्य चौकी भवन निर्माणको वहुवर्षिय योजना अनुमोदन गर्ने सम्वन्धमा ।**

लुम्विनी प्रदेश सरकार र यस गाउँपालिलकाको साझेदारीमा टेन्डर प्रकृयावाट कार्यान्वयन भएको ढुंगेगढि स्वास्थ्य चौकी भवन निर्माणको वहुवर्षिय (२ वर्षे) योजनालाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय न. ३ कृषि शाखाको कर्मचारी लोकसेवा आयोगमा माग गरि पठाउने सम्वन्धमा ।**

यस गाउँपालिकाको स्वीकृत दरवन्दी अन्तरगत रिक्त रहेको कृषि सेवा तर्फ अधिकृत ( अधिकृत छैटौ) पद-१ र कृषि प्राविधिक सहायक पाचौ तहका-२ पदको स्थायी पदपुर्तिको लागी लोक सेवा आयोगमा माग गर्ने निर्णय गरियो ।

**निर्णय न. ४ १० शैयाको आधारभुत अस्पताल सम्वन्धमा ।**

१० शैयाको आधारभुत अस्पतालको लागी निम्नानुसारको निर्णय गरियो ।

क) नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०७७/९/२१ च.न. ५०२ को पत्र अनुसार यस सरुमारानी गाउँपालिकाको लागी १० शैयाको आधारभुत अस्पताल स्वीकृत भएकोले यस सरुमारानी गाउँपालिकाको वडा न. ४ मा रहेको आधारभुत स्वास्थ्य सेवा केन्द्रलाई नै स्तरोउन्नति गरी १० शैयाको आधारभुत अस्पताल बनाउन जिल्ला समन्वय समितिमा सिफारिसको लागि अनुरोध गर्ने र मंत्रालयमा प्रस्ताव पठाउने ।

ख) १० शैयाको आधारभुत अस्पतालको भवन निर्माण लगाएत अन्य कार्यको लागी आधारभुत स्वास्थ्य सेवा केन्द्र, वड्डाडामा रहेको जग्गा कि.न. ३२० को क्षेत्रफल १०१७.०० ब.मी र सो जग्गा संग जोडिएका कि.न.हरु, १२७,१२८, १२९, १३०, १३१, ४०६ र ४०८ को

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

भगत बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष

Scanned with CamScanner

सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, नेपाल

झन बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

कुल क्षेत्रफल ५९१०.७८ ब.मी गरी कुल जम्मा क्षेत्रफल ६९२७.७८ ब.मी. प्राप्त भई गाउँपालिकाको नाममा जग्गा ब्यबस्थापन भएको ।

ग) स्वास्थ्य तथा जनसंख्या मंत्रालयको साझेदारीमा १० शैयाको आधारभुत अस्पतालको भवन निर्माणको लागी DPR तयार गर्नु पर्ने भएकोले त्यसको लागी आवश्यक प्रकृया अगाडी बढाउने

**निर्णय न. ५ रेडियो कार्यक्रम संचालन सम्बन्धमा ।**

रेडियो माण्डवी मल्लरानी गाउँपालिका-४ प्यूठानले **सरुमारानी गतिविधि** रेडियो कार्यक्रम संचालनको लागी प्रस्तावना पेश गरेको हुदाँ सार्वजनिक सुनुवाइ र सुशासन शिर्षकमा विनियोजन भएको रु ३,००,०००/- मध्ये बाट रु १,००,०००/- उक्त कार्यक्रमको लागी विनियोजन गरी उक्त प्रस्तावना स्वीकृत गरी कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

**निर्णय न. ६ ईन्जिनियर श्री रवि रानाको तलव भत्ता सम्बन्धमा**

यस कार्यालयको स्वीकृत ईन्जिनियर दरबन्दिमा लोकसेवा आयोगबाट स्थायी ईन्जिनियर आएता पनि २ वटा सब-ईन्जिनियर रिक्त रहेको र कार्यालयको भौतिक पुर्वाधार योजनाहरुलाई अगाडी बढाउन थप जनशक्ति आवश्यक परेको देखिएकोले २०७७/११/१ गते देखि ईन्जिनियर श्री रवि रानालाई संझौता अनुसारको सुविधा पाउने गरी सेवा तथा परामर्श शिर्षकबाट त.भ खुवाउने गरी २०७८ असार मसान्त सम्म म्याद थप गर्ने निर्णय गरियो ।

**निर्णय न.७ सरस्वति मा.वि बांगेशालको भौतिक पुर्वाधार अनुदान बाडफाड स्वीकृति सम्बन्धमा ।**

नेपाल सरकारको शिक्षा शसर्त अनुदान अन्तर्गत सरस्वति मा.वि. बांगेशाल नमुना विद्यालयको लागी प्राप्त भौतिक पूर्वाधार निर्माण तर्फको विनियोजित रु १,००,००,०००/- बजेटबाट सो विद्यालय ब्यबस्थापन समितिको निर्णय सिफारिस अनुसार तपशिल बमोजिम बजेट बाडँफाड गरी योजनाहरु संचालन गर्ने निर्णय गरियो ।

तपशिल

| सि.न | योजनाको नाम | विनियोजन बजेट | कैफियत |
|---|---|---|---|
| १ | विद्यालयको प्रशासनिक भवन निर्माण | ८६,५०,०००/- | |
| २ | विद्यालय फर्निचर निरर्माण | १३,५०,०००/- | |
| | जम्मा | १,००,००,०००/- | |

झन बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

## निर्णय न. ८ विभिन्न योजनाहरुलाई पेश्की रकम उपलब्ध गराउने सम्बन्धमा ।

यस कार्यालय र उपभोक्ता समिति विच संझौता भएका निम्न योजनाहरुलाई नियमानुसार पेश्की रकम उपलब्ध गराउने निर्णय गरियो ।

- जनता मा.वि भवन निर्माण बङ्गाडा वडा न. ४
- सत्य मा.वि. भवन निर्माण ददेरी वडा न. २
- थक्लेनी मुर्कुटी मोटरवाटो स्तरोन्नति र कल्भर्ट निर्माण वडा न. ६
- हंशपुर बृहत खानेपानी योजना निर्माण योजना वडा न. ३

## निर्णय न. ९ प्रधानमन्त्री रोजगार कार्यक्रम सम्बन्धमा

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सामुदायिक पूर्वाधार योजनाको लागी वडा समितिवाट सिफारिस भई आएका देहायका योजनाहरुलाई छनौट गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

तपशिल

| वडा न. | योजनाको नाम र ठेगाना | विनियोजित रकम | कैफियत |
|---|---|---|---|
| १ | औलेनी टाकुरा भित्रिखेत मोटरबाटो मर्मत | ४१३६०० | १४९९३०० |
| | झिलिवाङ्ग हंशपुर कोटघर मोटरबाटो मर्मत | ४१३६०० | |
| | झिलिवाङ्ग उपल्लो मोटरबाटो मर्मत | ३१०२०० | |
| | वडा न १ का पुराना मोटरबाटोको नाली तथा झाडी सफाई मर्मत | ३६१९०० | |
| २ | वर्नविर खानेपानी कुवा निर्माण | १०३४०० | १९६४६०० |
| | बाधखोर जोगीढुंगा कुलो मर्मत | २०६८०० | |
| | वगाले कुलो मर्मत | २०६८०० | |
| | वडा न. २ कच्ची सडक मर्मत | १४४७६०० | |
| ३ | कोटघर झिलिवाङ्ग मो.बा. मर्मत | ७२३८०० | १३४४२०० |
| | रामपोखरी खेलमैदान निर्माण योजना | ३६१९०० | |
| | ढाव खेलमैदान निर्माण योजना | २५८५०० | |
| ४ | बङ्गाडा बजार टुडीखेल निर्माण वडा न. ४ | ७७५५०० | १०८५७०० |

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| | डाङसिङ मास्क्रे मोटर बाटो निर्माण योजना | ३१०२०० | |
| ५ | गोल्धारा सौराकोट मो.बा. निर्माण | ४१३६०० | १२९२५०० |
| | जस्पुर छविसे सुवाखोला मो.बा. निर्माण | ८७८९०० | |
| ६ | टाकुरा वालविकास देखी टाकुरा गाउँजोड्ने मो.बा. निर्माण | ४१३६०० | ७७५५०० |
| | कटेनी छेडा देखी अर्खले मो.बा. निर्माण | ३६१९०० | |
| | जम्मा | ७९,६१,८००/- | |

निर्णय न. १० जनता मा.वि. बङ्गाडाको नाममा खाता संचालन अनुमति प्रदान सम्वन्धमा ।

श्री जनता माध्यामिक विद्यालयमा कक्षा ११ र १२ संचालन गर्ने प्रयोजनका लागी विभिन्न व्यक्ति संस्थाहरुबाट प्राप्त सहयोगलाई पारदर्शि, सुरक्षित र ब्यबस्थित रुपमा राख्नको लागी प्राईम कमर्शियल बैंक बङ्गाडामा खाता संचालनको लागी अनुमति प्रदान गर्ने निर्णय गरियो ।

निर्णय न. ११ गाउँपालिका स्तरिय राष्ट्रपति रनिङ्ग सिल्ड प्रतियोगिता ब्यबस्थापन तथा निर्देशन समिति गठन सम्वन्धमा

गाउँपालिका स्तरिय राष्ट्रपति रनिङ्ग सिल्ड प्रतियोगिता ब्यवस्थापन तथा निर्देशन समिति तपशिल बमोजिम गठन गर्ने निर्णय गरियो ।

क) गाउँपालिका स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता व्यवस्थापन तथा निर्देशन समिति

क. गाउँपालिका अध्यक्ष -संयोजक
ख. गाउँपालिका उपाध्यक्ष- सदस्य
ग. प्रमुख प्रशासकीय अधिकृत-सदस्य
घ. सामाजिक विकास समिति संयोजक-सदस्य
ङ. प्रतियोगिता सञ्चालन हुने स्थानको वडा अध्यक्ष-सदस्य
च. ढुंगेगढि प्रहरी चौकि दर्भानको प्रमुख-सदस्य
छ. बङ्गाडा प्रहरी चौकी बङ्गाडाको प्रमुख- सदस्य
ज. गाउँपालिका खेलकुद विकास समितिका अध्यक्ष-सदस्य
झ. प्रतियोगिता सञ्चालन हुने विद्यालयको प्रधानाध्यापक -सदस्य
ञ. गाउँपालिकाका सामुदायिक र संस्थागत विद्यालयहरु मध्येबाट गाउँपालिका अध्यक्षले मनोनय गरेको १/१ जना प्रधानाध्यापकहरु मध्येबाट – सदस्य

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

सरुमारानी गाउँपालिकाको
गाउँ कार्यपालिकाको कार्यालय
बडडाँडा, प्युठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३

झग बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष

- श्री योग कुमार पाण्डे -प्र.अ.
- श्री हिमाल भुसाल – प्र.अ.

ट. गाउँपालिकामा खेलकुद क्षेत्रमा विशिष्ट योगदान पुर्याएका व्यक्ति मध्येबाट गाउँपालिका अध्यक्षले मनोनित गरेको १ जना महिला सहित २जना-सदस्य

- श्री कमल जि.सी
- श्री आशा वि.क.

ठ. शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख-सदस्य सचिव

ख) गाउँपालिका स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालनका लागि खेलकुद सञ्चालन समिति गठन गर्ने

१. एकबहादुर मर्साङ्गी -सरस्वती मा वि चाभा (संयोजक)
२. सुशीला अधिकारी - सरस्वती मा वि बाङ्गेसाल
३. बिष्णु खनाल -सरस्वती मा वि बाङ्गेसाल
४. किसान सारू -जनता मा वि बडडाँडा
५. तिर्सन बुढा -श्रमरानी मा वि बुढीचौर
६. हरि बहादुर दर्लामी -भीमसेन मा वि जसपुर
७. ललित एम सी- सत्य मा वि ददेरी
८. नम्रता बाँठा- ऐश्वर्य प्रा वि भिङ्ग्री खोला
९. डबिन्द्र डाला -सत्यगोरखनाथ प्रा वि सुजिनपुर
१० लक्ष्मी महत क्षेत्री -ने रा आ वि हंसपुर
११सुनिल चौधरी- खड्गेश्वरी मा वि दर्भान

**निर्णय न. १२ गाउँसभा संचालन सम्बन्धमा ।**

सरुमारानी गाउँपालिकाको आठौ गाउँसभा मिति २०७७/११/२६ गते गाउँपालिकाको सभाहलमा बस्ने निर्णय गरियो ।

**निर्णय न. १३ गाउँपालिकाको स्थानीय वास प्लान प्रमाणित सम्बन्धमा ।**

m-Water Survey बाट लिईएका डाटाहरुलाई बिश्लेषण गरी यस गाउँपालिकाको स्थानीय वास योजनालाई यस बैठकबाट प्रमाणिकरण गर्ने निर्णय गरियो ।

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

झग बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष

Scanned with CamScanner

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

भगत बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष

निर्णय न. १४ किसानसंग गाउँसरकार कार्यक्रमको रकम बाडफाड सम्बन्धमा ।

मिति २०७७/११/१३ गतेको आर्थिक विकास समितिको निर्णय अनुसार आ.व.२०७७/०७८ को वार्षिक स्वीकृत किसान संग गाउँ सरकार कार्यक्रमको योजना तपशिल अनुसार बाँडफाड गरी स्वीकृत गर्ने निर्णय गरियो।

तपशिल

| क.स. | कार्यक्रमको विवरण | ईकाई | परिमाण | दर | विनियोजन बजेट रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| क) | पूर्वाधार निर्माण | | | | | |
| १. | बाख्राको खोर निर्माण/सुधार | संख्या | ४३ | २०,००० | ८,६०,००० | |
| २. | माछा पोखरी निर्माण | संख्या | ३ | २०,००० | ६०,००० | |
| ३. | बंगुर खोर निर्माण | संख्या | २० | २०,००० | ४,००,००० | |
| ४. | भकारो सुधार | संख्या | १२ | १५,००० | १,८०,००० | |
| ५. | तारबार (लोकल कुखुरापालन) | संख्या | २० | २५,००० | ५,००,००० | |
| ६. | मौरी घार (गोला सहित) | संख्या | ३० | ५,००० | १,५०,००० | |
| | जम्मा | | | | २१,५०,००० | |
| ख) | यन्त्र/औजार उपकरण | | | | | |
| १. | मिनिपावर टिलर | संख्या | ६ | ५०,००० | ३,००,००० | |
| २. | चाप कटर | संख्या | ६ | ३०,००० | १,८०,००० | |
| ३. | मोटर पाईप | | | | ८,००,००० | |
| ४. | ह्याचिङ मेसिन | संख्या | २ | १,००,००० | २,००,००० | |
| ५. | दाना बनाउने सानो मेसिन (चक्की) | संख्या | ६ | २५,००० | १,५०,००० | |
| ६. | स्प्रेयर (ईलेक्ट्रिक) | संख्या | ३६ | ५,००० | १,८०,००० | |
| | जम्मा | | | | १८,१०,००० | |
| ग) | मल/बिउ/तालिम (उत्पादन सामाग्री) | | | | | |
| १. | बंगुरको बच्चा | संख्या | १०० | ४,००० | ४,००,००० | |
| २. | माछाको भुरा | | | | ५०,००० | |
| ३. | भाडा (जग्गा भाडा सहयोग ) | | | | १,००,००० | |
| ४. | बगर खेती | | | | ५,००,००० | |
| ५. | पकेट अनुदान | | | | १२,००,००० | |
| ६. | बंगुर/कुखुरापालन सम्बन्धी तालिम | पटक | २ | ५०,००० | १,००,००० | |
| ७. | अनुगमन/मुल्यांकन | | | | ४०,००० | |
| ८. | कृषि तथा पशुपालन सम्बन्धी अध्ययन सामाग्री | | | | ५०,००० | |
| ९. | पशुपन्छी औषधी खरिद | | | | ३,००,०००. | |
| १०. | पशुपन्छी उपचार सामाग्री | | | | ५०,००० | |

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

भगत बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष

Scanned with CamScanner

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

भग बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | खरिद | | | | | |
| ११. | आरन सुधार | वटा | १० | १०००० | १,००,००० | |
| १२ | पावर टिलर | वटा | २ | ७५००० | १५०००० | |
| कुल जम्मा | | | | | ७०,००,००० | |

**निर्णय न. १५ एक स्थानीय तह एक उत्पादन कार्यक्रम सम्बन्धमा ।**

लुम्विनी प्रदेश सरकारको सशर्त अनुदान अन्तर्गत एक स्थानीय तह एक उत्पादन कार्यक्रम **बाखा** पकेटको लागी यस सरुमारानी गाउँपालिकाको ६ न. वडाको रज्जे पाङ्गवाङ्ग, वडा न. ३ को दोमही र वडा न . १ को कालिवन बस्ती/कलष्टरमा  मा संचालन गर्ने निर्णय गरियो ।

**निर्णय न. १६ मध्य पहाडी राजमार्गमा दुध उत्पादन कार्यक्रम सम्बन्धमा ।**

लुम्विनी प्रदेश सरकारको सशर्त अनुदान अन्तर्गत  लागत साझेदारीमा मध्यपहाडी राजमार्गमा दुध उत्पादन कार्यक्रम संचालनको लागी सहकारी संस्थाहरुसंग साझेदारी सुनिश्चतताका आधारमा प्रस्ताव माग गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।।

**निर्णय न. १७ बहुक्षेत्रीय पोषण कार्यक्रमको निर्देशक समिति गठन सम्बन्धमा ।**

वहुक्षेत्रीय पोषण योजना-दोश्रो  अनुसार नेपाल सरकारबाट चालु आ.ब. २०७७/०७८ देखी यस गाउँपालिकामा शसर्त अनुदानबाट संचालन हुने बहुक्षेत्रीय पोषण कार्यक्रम संचालनको लागी तपशिल बमोजिमको गाउपालिका स्तरीय पोषण तथा खाद्यसुरक्षा निर्देशक समिति गठन गर्ने निर्णय गरियो ।

तपशिल

१. गाउँपालिका अध्यक्ष---अध्यक्ष
२. गाउँपालिका उपाध्यक्ष--उपाध्यक्ष
३. सबै वडाका वडा अध्यक्ष--- सदस्य
४. गाउँपालिका महिला सदस्य वडा न. ५ श्री ईन्द्रा वि.क. – सदस्य
५. गाउँपालिका दलित महिला सदस्य वडा न. ४ श्री कल्पना वि.क. – सदस्य
६. पोषण तथा खाद्यसुरक्षा सम्बन्धी कार्यक्रमहरुको योजना तथा कार्यान्वयनको संयोजन गर्न तोकिएको संयोजक  – सदस्य

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

भग बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष

Scanned with CamScanner

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

सरुमारानी गाउँ कार्यपालिकाको कार्यालय, बडडाँडा, प्युठान, लुम्बिनी प्रदेश, नेपाल

भग बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष

७. विषयगत शाखा/ईकाइ प्रमुखहरु ( स्वास्थ्य, कृषि विकास, पशु विकास, खानेपानी तथा सरसफाई, महिला तथा बालबालिका, शिक्षा, सुशासन, शिक्षा, योजना र सूचना प्रविधि )-सदस्य

८. गाउँपालिकाको सामाजिक विकास शाखाको प्रमुख-सदस्य

९. गाउँपालिका स्तरीय उद्योग बाणिज्य संस्थाको अध्यक्ष- सदस्य

१०. प्रमुख प्रशासकीय अधिकृत -सदस्य सचिव

साथै वडा स्तरमा पनि वडा स्तरीय पोषण तथा खाद्यसुरक्षा निर्देशक समिति गठन गर्ने निर्णय गरियो ।

**निर्णय न. १८ विधालयहरुको पाठ्यपुस्तकहरुको अपुग रकम ब्यबस्थापन सम्बन्धमा ।**

यस गाउँपालिकाको चालु आ.ब. २०७७/०७८ को शिक्षा क्षेत्रमा विनियोजन भएको शैक्षिक गुणस्तर सुधार कार्यक्रम शिर्षकबाट विधालयहरुको पाठ्यपुस्तकहरुको अपुग रकम ब्यवस्थापन गर्ने निर्णय गरियो

**निर्णय न. १९ ढुंगा उत्खननको (IEE) स्वीकृत गर्ने सम्बन्धमा ।**

यस गाउँपालिकाको स्वीकृत संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७७ बमोजिम यस सरुमारानी गाउँपालिकाको तपशिलका स्थानहरुको माटो तथा ढुंगा उत्खनन तथा निकासीका लागी परामर्शदाताबाट पेश प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE)२०७७ लाई स्वीकृत प्रदान गर्ने निर्णय गरियो ।

तपशिल

| सि.न. | प्रस्तावको विवरण | प्रस्ताव पेश गर्ने संस्था | ठेगना | संकलन र उत्खनन गरिने परिमाण | कैफियत |
|---|---|---|---|---|---|
| १ | सरुमारानी गाउँपालिका वडा न. २ स्थित शर्मा कुमारी थापा तारा बहादुर जिसी र शालिकराम सुनारको निजि जग्गाबाट ढुंगा उत्खनन तथा संकलन कार्य | शुलव विल्डर्स | सुनछहारी गाउँपालिका-४ रोल्पा | १२६२.२४ घ.मी | भुल्के |
| २ | सरुमारानी गाउँपालिका वडा न. १ स्थित कालि कुमालको निजि जग्गाबाट ढुंगा उत्खनन तथा संकलन कार्य | श्रि कन्या कन्स्ट्रक्सन | सानागाउँ, गोदावरी न.पा.-६ ललितपुर | ५७३.६ घ.मी | कालिवन |

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

भग बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष

Scanned with CamScanner

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बडडाँडा, प्युठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३

भग बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष

निर्णय न. २० ढुंगा गिट्टि वालुवाको निकासी सम्बन्धमा

यस सरुमारानी गाउँकार्यपालिका अन्तर्गत राप्ति नदिका विभिन्न स्थानबाट नदिजन्य पदार्थ उन्खनन संकलन र निकासीका लागी स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) २०७७ अनुसार नदिजन्य पदार्थ (ढुंङ्गा, गिट्टि र वालुवा) को उत्खनन तथा निकासीका लागी राष्ट्रपति चुरे मधेश संरक्षण विकास समितिबाट प्राप्त अनुमती अनुसार ढुंङ्गा, गिट्टि र वालुवाको व्यवसायिक संकलन तथा विक्रि वितरणको लागी पहिलो पटक १५ दिने र दोश्रो पटक ७ दिने सिलबन्दि दरभाउपत्र सुचना आव्हान गरिएकोमा कुनै फर्मबाट निवेदन पर्न नआएको हुनाले गाउँपालिका भित्रका विकास निर्माणका कार्यहरुलाई अगाडी बढाउन आन्तरिक खपतको प्रयोजनको लागी सरुमारानी गाउँपालिकामा कार्यरत कर्मचारीहरु परिचालन गरी ढुंङ्गा, गिट्टि र वालुवा उत्खनन, संकलन  निकासी तथा व्यबस्थापन कार्य तपशिलका शर्त अनुसार २०७७/११/१७ गते देखी सुरु गर्ने निर्णय गरियो

तपशिल

१.ढुंङ्गा, गिट्टि र वालुवा उत्खनन र निकासीका लागी निम्न  तोकिएका स्थानहरुबाट मात्र उत्खनन र निकासी गर्नु पर्ने ।

| सि .न. | नदी वा खोलाको नाम | स्वीकृत गरिएको ठाउँ ( क्षेत्र) | उत्खनन् गर्न सकिने परिमाण घ.मी. | कैफियत |
|---|---|---|---|---|
| १ | राप्ती नदी | झिलिवाङ्ग धाद्र | ६२७० | |
| २ | राप्ती नदी | तित्रिवाभ्क | ६२७० | |
| ३ | राप्ती नदी | सुनघाट वगर | ६२७० | |
| ४ | राप्ती नदी | ददेरि वगर (क) | ६२७० | |
| ५ | राप्ती नदी | ददेरि वगर (ख) | ६२७० | |
| | | जम्मा | ३१३५० | |

२. प्रदेश सरकारले निर्धारण गरेको ढुंङ्गा, गिट्टि र वालुवाको दररेट अनुसार प्रति टेक्टर रु. ४००/-, ६ चक्के टिप्परको प्रति टिप्पर रु. १,६००/-, १० चक्के टिप्परको प्रति टिप्पर रु. २,४००/- का दरले नगदि रसिद काटी तोकिएको रकम भुक्तान गरे पछि मात्र टेक्टर/टिप्पर लिएर खोलामा जानु पर्नेछ। तोकिएका स्थानबाट गाउँपालिकाबाट खटिएका कर्मचारी वाहेक अन्य ब्यक्तिले नगदि रसिदको प्रयोग गर्न नपाईने ।

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

भग बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष

Scanned with CamScanner

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

छत्रदेव गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
वडडाँडा, प्युठान
लुम्बिनी प्रदेश, नेपाल
२०७२

भग बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष

३. ढुंङ्गा, गिट्टि र वालुवाको निकासी, उत्खनन र व्यवस्थापनको मिति २०७७/११/१७ गते देखी २०७८ जेष्ठ मसान्त सम्म मात्र लागु हुने ।

४. प्रत्येक दिन विहान ७.०० बजे देखि साझ ५.०० बजे भित्र ढुंङ्गा, गिट्टि र वालुवा खोलावाट निकासी गर्न पाईने छ सो भन्दा अन्य समयमा निकासी गरेको पाईएमा नियमानुसार दण्ड जरिवाना गर्ने ।

५. जो कसैले ढुंङ्गा, गिट्टि र वालुवाको निकासी गर्दा माथीका बुदाँहरुमा तोकिएको समय, क्षेत्र र शर्तहरुको नियम पालना नगरेमा टेक्टरहरुलाई प्रति टेक्टर पहिलो पटक कारवाही स्वरुप रु. ५,०००/- र दोश्रो पटक पछि प्रतिपटक रु. ५,०००/- का दरले थप जरिवाना र टिप्परहरुलाई प्रति टिप्पर पहिलो पटक कारवाही स्वरुप रु. १०,०००/- र दोश्रो पटक पछि प्रति पटक रु. १०,०००/- का दरले थप जरिवाना गर्ने।

६. जो कसैले ढुंङ्गा, गिट्टि र वालुवा लगेर अनावश्यक रुपमा गैर कानुनी ढंगले डम्पिङ्ग गरेको पाईमा नियमानुसार कार्वाही गर्ने ।

७. यस कार्यमा खटिएका कर्मचारीहरुलाई दैनिक रु ५००/- थप सुविधा उपलब्ध गराउने ।

निर्णय न. २१ आर्थिक सहयोग सम्बन्धमा ।

यस गाउँपालिकामा आर्थिक सहायताको लागी प्राप्त भएका निवेदन मध्ये निम्न ब्यक्तिहरुलाई सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

तपशिलः

| सि.न | विरामी व्यक्तिको नाम /अभिभावकको नाम | ठेगना | सहयोग रकम | कैफियत |
|---|---|---|---|---|
| १ | चिम बहादुर राना | वडा न. ४ | १५,०००/- | दिर्घरोग स्वास्थ्य सहायता कोष |
| २ | लाल बहादुर नेपाली | वडा न. ३ | ५,०००/- | विपन्न असाहय सहायता कार्यक्रम |
| ३ | मिना कुमारी सोमै | वडा न. ३ | १०,०००/- | दिर्घरोग स्वास्थ्य सहायता कोष |
| ४ | खुम बहादुर दर्मै | वडा न. ३ | ५,०००/- | विपन्न असाहय सहायता कार्यक्रम |
| ५ | शालिकराम सारु मगर | वडा न. २ | १५,०००/- | दिर्घरोग स्वास्थ्य सहायता कोष |
| ६ | सरिता कुमाल | वडा न. १ | १०,०००/- | विपद ब्यवस्थापन कोष |

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

भग बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष

Scanned with CamScanner

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

सरुमारानी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बडडाँडा, प्यूठान लुम्बिनी प्रदेश, नेपाल २०७३

झग बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| ७ | नुमा सारु मगर | वडा न. २ | १०,०००/- | दिर्घरोग स्वास्थ्य सहायता कोष |
| ८ | ओम बहादुर राना | वडा न. ३ | १५,०००/- | विपन्न असाहय सहायता कार्यक्रम |

**निर्णय न. २२ धुलेखार सामुदायिक वनको रकम समबन्धमा ।**

गत आर्थिक बर्ष वन साझेदारी कार्यक्रम अन्तरगत सरुमारानी गाउँपालिका वडा न. २ मा रहेको श्री धुलेखार सामुदायिक वन उपभोक्ता समूह र यस गाउँपालिका वीच दर्भानचोक-झो.पु जाने मोटरबाटो स्तरउन्नोतिका लागि योजना कार्यान्वयन गर्न संझौता भई साझेदारी रकम स्वरुप यस गाउँपालिकाको संचित कोष खातामा रु.३,००,०००/- रकम जम्मा गरेकोमा कोभिड-१९ को कारण काम संचालन हुन नसकेको हुनाले उक्त रकम फिर्ता गरि दिनको लागी उक्त सा.ब.उ.स.को मिति २०७७/११/०६ को प्राप्त पत्रको आधारमा छलफल हुँदा उक्त योजनाको साझेदारीमा काम हुन नसकेको अबस्थामा उक्त समूहको रकम फिर्ता गर्नु पर्ने देखिएकोले विपद व्यबस्थापन कोषबाट उक्त रकम स्वरुप रु ३,००,०००/- उक्त सा.ब.उ.स.लाई फिर्ता दिने निर्णय गरियो ।

**निर्णय न. २३ विविध सम्बन्धमा ।**

- **अनुमति सम्बन्धमाः** सुपर लघुवित्त वित्तिय संस्था लि. तुल्सीपुर-५ दाङ्गले यस गाउँपालिका क्षेत्र भित्र शाखा कार्यालय खोल्न अनुमति माग भएकोले यस गाउँपालिकाको वडा न. २ मा कार्यालय रहने गरी अनुमति प्रदान गर्ने निर्णय गरियो।
- **कार्यालय सहयोगी सम्बन्धमाः** यस गाउँकार्य पालिकाको मिति २०७७/०६/२५ को वैठकले एक जना महिला कार्यालय सहयोगी राख्ने निर्णय गरेको साथै गाउँपालिकामा कार्यरत २ जना कार्यालय सहयोगीलाई ढुंगा गिट्टि वालुवाको विक्रि वितरण खटाएको कारण तत्काल एक जना कार्यालय सहयोगी भर्ना गर्नु पर्ने भएको हुँदा यस गाउँपालिकाको कोभिड अस्थायी अस्पतालमा कार्यरत यस सरुमारानी गाउपालिका वडा न. ४ निवासी श्री गिता सारु मगरको करार सेवा अवधि २०७७/१०/१७ गते देखि समाप्त भएको र निजको कार्य सम्पादन सन्तोष जनक रहेकोले निज श्री गितासारु मगरलाई मिति

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

झग बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष

Scanned with CamScanner

सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
वडडाँडा, प्युठान
लुम्बिनी प्रदेश, नेपाल
२०७२

भ्रुग बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

२०७७/११/१६ गते देखि करार सेवामा नियुक्त गरी साविक कै सेवा सुविधा पाउँने गरी कामकाजमा लगाउने निर्णय गरियो।

- **साझेदारी कार्यक्रम सम्बन्धमाः** राङ्गवाङ्ग सामुदायिक बनको माग अनुसार राङ्गवाङ्ग-जसपुर मोटरबाटो निर्माणको लागी ५०/५० प्रतिशत साझेदारीमा योजना कार्यान्वयनका लागी यस गाउँपालिकाको चालु आ.ब.को स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत साझेदारि योजना तथा कार्यक्रम संचालन शिर्षकबाट रु. ३०००००/- विनियोजन गर्ने निर्णय गरियो।
- यस आ.ब. २०७७/०७८ मा स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत रानी वगर सुपादेउराली मन्दिर प्रतिक्षालय निर्माण वडा न. २ हुनु पर्नेमा रानी बगर सुपादेउराली मन्दिर मर्मत वडा न. २ भएकोले नाम संशोधन गर्ने निर्णय गरियो।
- कार्यपालिकाको बैठकबाट खानेपानी मर्मत संभार कोषबाट विनियोजन भएको योजनाको नाम भुल्के अदुवाबारी विरेबगर खानेपानी सामाग्री खरिद लाई संशोधन गरी भुल्के अदुवाबारी विरेवगर खानेपानी मर्मत हुन गरी संशोधन गर्ने निर्णय गरियो।
- चालु आ.ब २०७७/०७८ मा साना किसान कृषि सहकारी संस्थाको पर्खाल र गेट निर्माणको लागी रु. ३,००,०००/- विनियोजन भएकोमा सहकारी संजालको मिति २०७७/११/१३ गते निबेदन माग अनुसार उक्त योजनालाई संशोधन गरी साना किसान कृषि सहकारी संस्थाको पर्खाल र गेट निर्माणको लागी रु. २,००,०००/- र श्रृजनशिल कृषि सहकारी संस्थाको अधुरो भवनको लागी रु. १,००,०००/- विनियोजन गर्ने निर्णय गरियो।
- चालु आ.ब. २०७७/०७८ को लागी सघन शहरी तथा भवन निर्माण आयोजना दाङ्गको प्राविधिक सहयोग र संघिय सरकारबाट प्राप्त हुने अनुदान सहयोगमा सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत मिति २०७७/११/११ गते समन्वय समितिको बैठकबाट छनौट हुनु पर्ने घरधुरीको नाम दुर्गबहादुर खड्का हुनु पर्नेमा टेक बहादुर सुनार भएकोले नाम संशोधनको लागी अनुरोध गर्ने निर्णय गरियो।
- राष्ट्रपति रनिङ्गशिल्ड खेलकुद कार्यक्रमको संचालनको लागी नपुग रकम रु. ७५,०००/- विपद व्यबस्थापन कोष शिर्षकबाट ब्यहोर्ने निर्णय गरियो।

प्रमाणित गरिएको। मिति: २०७७/११/१६ गते।

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

भ्रुग बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष

Scanned with CamScanner